जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३०८ • २०८३ भदौ ११ गते विहिवार • 27 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## नेपालको उत्तरी हिमाली क्षेत्र यतिबेला जलवायु परिवर्तनको सबैभन्दा क्रूर चपेटामा



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० भदौ**

नेपालको उत्तरी हिमाली क्षेत्र यतिबेला जलवायु परिवर्तनको सबैभन्दा क्रूर चपेटामा परेको छ । बुधबार रसुवामा आएको भीषण बाढीले निम्त्याएको मानवीय र भौतिक क्षतिले सिङ्गो देशलाई स्तब्ध बनाएको छ। हालसम्म ९५ जनाको मृत्यु भइसकेको र सयौं मानिस अझै बेपत्ता छन् । अर्बौंका संरचना क्षणभरमै ध्वस्त भएका छन् । यो घटना केवल एउटा प्राकृतिक विपद् नभएर हिमाली क्षेत्रमा निरन्तर सिर्जना भइरहेको ठुलो पर्यावरणीय संकटको परिणाम हो। गत वर्ष पनि यही बाढीकै घटना बेहोरेको रसुवा र नेपालका लागि यो पटकको धक्का निकै गम्भीर भयो ।

चीनको तिब्बत क्षेत्रबाट सुरु भई त्रिशूली नदीमा मिसिएको यस विनाशकारी बाढीको भित्री कारण पहिल्याउन यतिबेला वैज्ञानिक तथा अनुसन्धानकर्ताहरू सक्रिय छन् । चिनियाँ एकेडेमी अफ साइन्समा कार्यरत हिमताल र हिम बाढी जोखिमका नेपाली अनुसन्धानकर्ता नितेश खड्काका अनुसार प्रारम्भिक अध्ययनले नेपाल-चीन सीमा क्षेत्रको तिब्बततर्फको भू-भागमा एउटा ठुलो हिमपहिरो खसेर नदी थुनिएको संकेत गरेको छ। तिब्बतको जिलोङ काउन्टी अर्थात् केरुङ क्षेत्रमा पर्ने दोङलिङ साङ्पो खोलामा पहिरो खसेर केही समय नदी थुनिएपछि बनेको अस्थायी ताल फुट्दा त्रिशूलीमा अचानक यो प्रलयकारी बाढी आएको अनुमान गरिएको छ । यद्यपि, त्यस क्षेत्रमा साना-साना हिमतालहरू मात्र रहेकाले एउटै मात्र ताल फुट्दा यति ठुलो क्षति हुन सम्भव नहुने हुँदा यो विपद् बहुआयामिक कारणहरूको संयुक्त प्रभाव हुन सक्ने खड्काको विश्लेषण छ । खड्काका अनुसार बाढीको प्रकृतिलाई भारतको उत्तराखण्डस्थित चामोलीमा सन् २०२१ मा भएको भीषण हिमपहिरोको घटनासँग तुलना गर्न सकिन्छ ।

सिक्किमको दक्षिण लोनाक ताल फुटेजस्तो ठुलो हिमताल त्रिशूलीको आसपास नभएकाले वर्षायाममा नदी थुनिएर पानीको बहाव घटेको तत्काल थाहा नभएको र पछि त्यो अवरोध एकैपटक खुल्दा तल्लो तटीय क्षेत्रमा विनाशकारी बाढी आएको बुझिन्छ। यस क्षेत्रको वास्तविक वस्तुस्थिति बुझ्न र थप तथ्यहरू बाहिर ल्याउन भू-उपग्रहबाट प्राप्त तस्बिरहरूको सहयोग लिने प्रयास भइरहेको छ । मनसुनी बादल हटेर सफा तस्बिरहरू प्राप्त भएपछि मात्रै यस घटनाको वास्तविक उत्पत्तिको थप स्पष्ट चित्र बाहिर आउने अनुसन्धानकर्ताहरू बताउँछन् । २५ प्रतिशत बढ्यो हिमताल, बन्दैछन् 'टाइम बम'- तथ्याङ्कीय इतिहासलाई हेर्दा सन् १९५० को दशकदेखि नै विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमालय क्षेत्रमा हिमतालहरू बन्ने र तिनको आकार फैलिने क्रम तीव्र गतिमा भइरहेका छन् । सन् १९८७ देखि २०१७ सम्मको तीन दशक लामो अध्ययनले हिमतालहरूको क्षेत्रफल करिब २५ प्रतिशतले बढेको देखाएको छ । अनुसन्धानकर्ता खड्काका अनुसार यी हिमतालहरू अहिले 'टाइम बम' जस्तै संवेदनशील अवस्थामा छन्, जो जुनसुकै बेला विस्फोट हुन सक्छन् । त्रिशूली, भोटेकोशी, तामाकोशी, मर्स्याङ्दी र अरुणजस्ता नेपालका प्रमुख नदीहरूको ठुलो जलाधार क्षेत्र तिब्बतमा रहेकाले सीमापारि हुने साना वातावरणीय हलचलले पनि नेपालमा सधैं उच्च जोखिम सिर्जना गरिरहेको हुन्छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कले हिमाली क्षेत्रको भयावह अवस्था थप प्रस्ट पार्छ । प्राधिकरणका अनुसार २०६८ देखि २०८२ सालसम्म १४ वर्षको अवधिमा नेपालमा ४५ वटा ठुला हिमपहिरोका घटना अभिलेख गरिएका छन् ।

## ईद-ए-मिलादुन्नबीको अवसरमा मुस्लिम समुदायसहित सम्पूर्ण प्रदेशवासीमा शुभकामना

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० भदौ**

इस्लाम धर्मका संस्थापक पैगम्बर हजरत मोहम्मदको जन्मजयन्ती ईद-ए-मिलादुन्नबीको अवसरमा मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले मुस्लिम समुदायसहित सम्पूर्ण प्रदेशवासीमा शुभकामना व्यक्त गरेका छन् ।




प्रदेश प्रमुख कर्णले बुधबार शुभकामना सन्देश जारी गर्दै पैगम्बर हजरत मोहम्मदले मानव जातिलाई देखाएको सत्य, करुणा, दया, शान्ति र सामाजिक न्यायको मार्ग आजको समयमा समेत उत्तिकै सान्दर्भिक रहेको उल्लेख गरेका छन् । उनले पैगम्बर मोहम्मदका शिक्षाले समाजमा आपसी सद्भाव, भाइचारा तथा असहाय र विपन्नप्रति सेवाभाव विकास गर्न प्रेरणा दिने विश्वास व्यक्त गरेका छन्। बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक पहिचान बोकेको मधेश प्रदेश धार्मिक सहिष्णुता र आपसी भाइचाराको उदाहरण रहेको उल्लेख गर्दै प्रदेश प्रमुख कर्णले यस्ता धार्मिक तथा सांस्कृतिक पर्वले विभिन्न समुदायबीचको एकता र सामाजिक सद्भावलाई थप मजबुत बनाउने बताएका छन् ।




## प्रविधिको प्रयोग व्यवस्थित गरौं

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक संजालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रुपमा प्रयोग गरौं ।

**प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# प्रधानमन्त्रीको कर्तव्य

लोकतान्त्रिक शासन व्यवस्थाको आधरभूत सर्त नै उत्तरदायित्व र पारदर्शिता रहेको देखिन्छ । लोकतन्त्रमा कार्यपालिकाको प्रमुख अर्थात् प्रधानमन्त्री सर्वशक्तिमान् शासक होइन, उनी जनता, संसद् र आफ्नै दलप्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्ने संवैधानिक र नैतिक दायित्व बोकेका जनप्रतिनिधि मात्र रहेको देखिन्छ । तर, जब देशको कार्यकारी प्रमुख संसद्को सामना गर्न हिचकिचाउँछ, सञ्चारमाध्यम मार्फत जनतासँग प्रत्यक्ष संवाद गर्न पन्छिन्छ र आफ्नै दलको महत्वपूर्ण बैठक छलेर निजी भ्रमण वा व्यक्तिगत गतिविधिमा निरन्तर संलग्न हुन्छ, यसले लोकतान्त्रिक मूल्य-मान्यता माथिको उनको प्रतिवद्धतामा गम्भीर प्रश्न खडा गर्छ । नेतृत्वको यस्तो अलोकतान्त्रिक व्यवहार कुनै सामान्य उदासीनतामात्र होइन, यो त लोकतन्त्रलाई नै दुर्घटनातर्फ लैजाने एक खतरनाक संकेत पनि रहेको देखिन्छ । संसद् भनेको जनसार्वभौमसत्ताको अभ्यास गर्ने सर्वोच्च थलो रहेको देखिन्छ । संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्कै उत्पादन हुन् र उनी व्यवस्थापिकाप्रति उत्तरदायी रहनुपर्ने देखिन्छ । बेलायती संसदीय परम्परादेखि नेपालको संविधानसम्मले संसद्मा प्रधानमन्त्रीको उपस्थिति र प्रश्नोत्तरलाई अनिवार्य मान्दछ ।

यो संसदीय अभ्यासको एउटा सुन्दर पक्षमात्र हैन, प्रधानमन्त्रीमा 'म नै सर्वेसर्वा हुँ' भन्ने मनोविज्ञान जाग्न नदिने एउटा ओखती पनि रहेको देखिन्छ । त्यस्तै राज्यको चौथो अंग सञ्चारमाध्यम मार्फत नागरिकलाई सुसूचित गराउनु र सार्वजनिक आलोचना वा प्रश्नहरूको उत्तर दिनु प्रधानमन्त्रीको कर्तव्य रहेको देखिन्छ ।

# रसुवामा आएको बाढीपछि उद्धार तथा राहत कार्य तीव्र

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० भदौ**



प्रधानमन्त्री वालेन्द्र शाहले रसुवामा आएको बाढीपछि उद्धार तथा राहत कार्यलाई तीव्र बनाउन नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी परिचालन गरिएको जानकारी दिनुभयो । प्रभावित क्षेत्रमा अन्य जिल्लाबाट समेत थप जनशक्ति पठाइएको उहाँको भनाइ छ ।

प्रधानमन्त्री शाहका अनुसार विपद् व्यवस्थापन प्राधिकरणलाई सक्रिय बनाइएको छ। मेडिकल टोली, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी लगायतका निकायसँग समन्वय गरी आवश्यक उद्धार तथा राहतका काम अघि बढाउन निर्देशन दिइएको छ । प्रभावित क्षेत्रमा थप एम्बुलेन्स तथा मेडिकल जनशक्ति पठाउने प्रक्रिया पनि अघि बढाइएको छ ।

तल्लो तटीय क्षेत्रका बासिन्दालाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको प्रधानमन्त्री शाहले बताउनुभएको छ । सम्भावित उद्धार तथा राहतका लागि सबै हेलिकोप्टरलाई तयारी अवस्थामा राख्न निर्देशन दिइएको छ। निजी हेलिकोप्टर कम्पनीलाई समेत आवश्यक परेका बेला परिचालन गर्न सकिने गरी हेलिकोप्टर तयारी अवस्थामा राख्न जानकारी गराइएको छ । बाढीपछिको अवस्था र आगामी आवश्यक कदमबारे छलफल गर्न केही समयभित्र उच्चस्तरीय बैठक बोलाइएको प्रधानमन्त्री शाहले जानकारी दिनुभएको छ ।

उहाँले सबैलाई सुरक्षित स्थानमा बस्न तथा आफन्तसँग सम्पर्क हुन नसकेमा सम्बन्धित निकायबाट जारी हुने उद्धारसम्बन्धी सूचनाको प्रतीक्षा गर्न आग्रह गर्नुभएको छ । थप जानकारी तथा राहतसम्बन्धी विवरणका लागि १२३४ नम्बरमा सम्पर्क गर्न सकिने जनाइएको छ ।

# प्रादेशिक अस्पतालको अस्तित्व र स्थायी दरबन्दी कायम गर्नुपर्ने माग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १० भदौ**



जनकपुरधामस्थित प्रादेशिक अस्पतालको अस्तित्व र स्थायी दरबन्दी कायम गर्नुपर्ने माग गर्दै अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराएका छन् ।

संघीयता कार्यान्वयनसँगै मधेश प्रदेशको राजधानी जनकपुरधाममा रहेको प्रादेशिक अस्पताल जनकपुरले धनुषा सहित आसपासका चार/पाँच जिल्लाका सर्वसाधारणलाई उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको भन्दै कर्मचारीहरूले अस्पतालको संरचना र अस्तित्व कमजोर पार्ने कुनै पनि प्रक्रिया रोक्न माग गरेका हुन् ।

स्वास्थ्यकर्मी तथा कर्मचारीहरूले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना भएपछि प्रादेशिक अस्पतालको पहिचान र संरचना क्रमशः कमजोर हुँदै गएको बताएका छन् । उनीहरूका अनुसार अस्पतालको अस्तित्व नै विलिन हुने अवस्था आएमा यहाँ कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको वृत्ति विकासमा समेत असर पर्नेछ भने ठूलो संख्यामा सेवाग्राही सरकारीस्तरको उच्च स्वास्थ्य सेवाबाट वञ्चित हुने जोखिम छ। उनीहरूले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७७ मा आवश्यक संशोधन गरी प्रादेशिक अस्पताल जनकपुरको स्थापित अस्तित्व कायम राख्नुपर्ने माग गरेका छन् ।

अस्पतालमा रहेका स्थायी दरबन्दी कायम गर्दै स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको पदस्थापन, सरुवा र बढुवा सम्बन्धी व्यवस्था प्रदेश निजामती सेवा ऐन, २०७७ सरह निरन्तर कायम गर्नुपर्ने उनीहरूको माग छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।



**अनुरोधकर्ता**
**औरही गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः अनावश्यक चिन्ता
मिथूनः खानपानमा समस्या आउने
कर्कटः लामो यात्राको योग छ
सिंहः अशुभ समाचार प्राप्त हुने
कन्याः मनमा पछुतो आउने
तुलाः विचार गरेर बोल्नुहोला
वृश्चिकः आम्दानी हुने
धनुः पढाईमा ध्यान दिनुपर्ने
मकरः मित्रतामा फाटो आउने
कूम्भः पिछडेको साथी मिल्ने
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा


बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिकाले आईएमईसीको लागि रणनीतिक प्रवेशद्वारको रूपमा ग्रीस-साइप्रस-इजरायल पावर लिङ्कलाई समर्थन




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० भदौ**

संयुक्त राज्य अमेरिकाले ग्रीसको पूर्वी भूमध्यसागरीय रणनीतिमा ग्रीस, साइप्रस र इजरायललाई जोड्ने योजनाबद्ध समुद्रमुनि बिजुली लिंक - ग्रीसको शीर्ष प्राथमिकता बन्नको लागि दबाब दिइरहेको छ।

यो धक्का अमेरिकी कांग्रेसमा द्विपक्षीय पहल मार्फत आएको छ, जसले महत्वाकांक्षी ऊर्जा परियोजनालाई भारत-मध्य पूर्व-युरोप आर्थिक कोरिडोर (आईएमईसी) को फराकिलो रणनीतिक ढाँचा भित्र राख्छ। यो विकास एथेन्समा हालै भएको सम्झौता पछि भएको छ जसले फ्रान्सेली लगानी समूह मेरिडियमलाई ग्रेट सी इन्टरकनेक्टर पछाडिको कम्पनीमा बहुमत शेयरधारक बन्न अनुमति दिन्छ, जसले परियोजनाको अर्को चरणको वरिपरि अपेक्षाहरूलाई बलियो बनाउँछ। अमेरिकी सांसदहरूले वर्गीकृत ब्रीफिंग खोज्छन्- अमेरिकी सांसदहरूको द्विपक्षीय समूहले विदेश सचिव मार्को रुबियो र अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त निगम (डीएफसी) का प्रमुख बेन ब्ल्याकलाई पत्र लेखेर जीएसआईमा अमेरिकी ध्यान केन्द्रित गर्न आह्वान गरेको छ। यो पहलको नेतृत्व डेमोक्रेटिक प्रतिनिधि ब्राड स्नाइडर र रिपब्लिकन प्रतिनिधि गुस बिलिराकिसले गरेका थिए, जसमा प्रतिनिधि जेक औचिनक्लोस, ड्यान गोल्डम्यान, क्रेग गोल्डम्यान र हेली स्टीभेन्सले पनि पत्रमा हस्ताक्षर गरेका थिए। सांसदहरूले पूर्वी भूमध्यसागर आईएमईसीको लागि एक महत्त्वपूर्ण प्रवेशद्वार बन्न सक्ने तर्क गर्छन् र ग्रेट सी इन्टरकनेक्टरलाई करिडोरको विकासको लागि रणनीतिक रूपमा महत्त्वपूर्ण पूर्वाधारको रूपमा वर्णन गर्छन्। तिनीहरू भन्छन् कि जीएसआई जस्ता परियोजनाहरूले अमेरिकी साझेदारहरूलाई बलियो बनाउन, ऊर्जा मार्गहरू विविधीकरण गर्न र क्षेत्रीय सहयोगलाई गहिरो बनाउन सक्छ जबकि रणनीतिक प्रतिद्वन्द्वीहरूद्वारा नियन्त्रित वा प्रभावित पूर्वाधारहरूको विकल्प प्रदान गर्न सक्छ। प्रतिनिधिहरूले परियोजनाको समाप्तिलाई असर गर्न सक्ने भूराजनीतिक चुनौतीहरूको बारेमा ट्रम्प प्रशासनबाट वर्गीकृत ब्रीफिंग पनि अनुरोध गरे। जीएसआईले ग्रीस-साइप्रस-इजरायल ऊर्जा अक्ष सिर्जना गर्न सक्छ- प्रस्तावित इन्टरकनेक्टर ग्रीस, साइप्रस र इजरायलको बिजुली नेटवर्कहरू जोड्न डिजाइन गरिएको हो, जसले युरोप र पूर्वी भूमध्यसागर बीच दुई-तर्फी बिजुली प्रवाह सिर्जना गर्दछ। साइप्रसको लागि, यो परियोजना विशेष गरी महत्त्वपूर्ण छ किनभने यसले टापुको लामो समयदेखि चलिरहेको ऊर्जा अलगावलाई अन्त्य गर्न मद्दत गर्न सक्छ।

# 'पेन्सन पट्टा' ट्रेलर : बाबुको पेन्सनपट्टामा भेटिएकी जेठी आमाको कथा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० भदौ**



लाहुरे जीवनलाई बाहिरबाट हेर्दा पेन्सन, प्रतिष्ठा र सुख-सुविधासँग जोडेर बुझिन्छ। तर यही जीवनशैलीसँग गाँसिएका पारिवारिक उतारचढाव, सम्बन्धका जटिलता र भावनात्मक पीडा कति गहिरा छन् भन्ने कथामा बनेको हो फिल्म 'पेन्सन पट्टा'। माओत्से गुरुङको निर्देशित फिल्मको ट्रेलरले यस्तै विषयवस्तु देखाएको छ।

दयाहाङ राईको मुख्य भुमिका रहेको फिल्मको मंगलवार एक कार्यक्रम बिच ट्रेलर सार्वजनिक गरिएको हो। ट्रेलरमा दिवंगत बाबुको पेन्सनपट्टामा आमाको नाम नभई बाबुकी पहिलो पत्नीको नाम रहेको प्रसंगबाट कथा अघि बढेको देखिन्छ।

परिवारमा वर्षौंदेखि चर्चा र स्मरणबाटै ओझेलमा रहेकी जेठी आमाको खोजीमा निस्कने पात्रले केवल एउटा व्यक्तिको खोजी गर्दैन, बरु लाहुरे परम्पराले परिवार, सम्बन्ध र समाजमा पारेको प्रभावको तह खोल्दै जान्छ। पेन्सनको अधिकारसँगै जोडिएको यो खोजी फिल्ममा पारिवारिक विगत, सम्बन्धको दूरी र पहिचानको प्रश्नसँग जोडिएको देखिन्छ।

ट्रेलरले फिल्मको प्रस्तुति र दृश्यभाषा पनि आकर्षक रहेको संकेत गर्छ। यहि भदौ २६ गतेदेखि दर्शकमाझ आउने 'पेन्सन पट्टा'ले लाहुरे जीवनको चमकभन्दा पर रहेको भावनात्मक र सामाजिक पाटोलाई पर्दामा ल्याउने अपेक्षा गर्न सकिन्छ।

फिल्ममा दयाहाङसँगै गौमाया गुरुङ, विल्सन विक्रम राई, बुद्धि तामाङ, पशुपति राई, विश्वास गुरुङ, माया गुरुङ, पुष्कर बहादुर गुरुङ, स्वर्गीय सुनील थापा, लुनीभा तुलाधर, सुरज तामु, राज कौछ्या मगर, यासिली योख्खा, डिबी गुरुङ, प्रतिच्छ्या गुरुङ, सोल गुरुङ, अनुषा राई, मनोज गुरुङ, मनिका गुरुङ र कुबिना गुरुङको अभिनय छ। मीन कोन्मे गुरुङ (सिकलेस), भोज बहादुर गुरुङ (यूके), माया गुरुङ र सपना गुरुङले निर्माण गरेको फिल्ममा सुशन प्रजापतिले छायांकन, संगीत मनोज थापा मगर, शिव बराइली र सुरज तामुले तयार पारेका छन्।

निमेश श्रेष्ठ र केर डी. कोइन्च लिनुचले संयुक्त रूपमा फिल्मको सम्पादन गरेका छन्। 'पेन्सन पट्टा'लाई आरआर फिल्मसमार्फत रोहित कट्टेल र रत्न श्रेष्ठले देशभर वितरण गर्दै छन्।

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।


**अनुरोधकर्ता**
**जलेश्वर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# संविधानमा धर्म : भ्रम पाल्ने कि फाल्ने ?



-नेपालको धर्मनिरपेक्षता अचानक आएको अवधारणा नभई धार्मिक स्वतन्त्रता, समानता र सहअस्तित्वका संवैधानिक अभ्यासबाट क्रमशः विकसित भएको हो । संविधानले राज्यलाई धर्मनिरपेक्ष बनाए पनि धर्म, संस्कृति र परम्पराको संरक्षण गर्दै सबै आस्था र अनास्थाप्रति समान सम्मान सुनिश्चित गरेको छ । धर्मलाई राजनीतिक हतियार बनाउने प्रवृत्ति रोक्दै धार्मिक विविधता, संवैधानिक सीमा र सहअस्तित्वबारे तथ्यपरक ज्ञान तथा दीर्घकालीन नीति विकास गर्न आवश्यक छ । संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको छ। कतिपयले यसलाई समयसापेक्ष र अग्रगामी संवैधानिक उपलब्धि मान्छन् ।

कतिपय भने नेपालको ऐतिहासिक, सांस्कृतिक र धार्मिक पहिचानविपरीतको कदम ठान्छन् । धर्मनिरपेक्षताको बहस केवल संवैधानिक वा सैद्धान्तिक विषयमा सीमित छैन । धर्मका नाममा हुने तनाव, द्वन्द्व र हिंसाका घटनालाई समेत यसैसँग जोडेर हेर्न थालिएको छ । अर्कोतर्फ, धर्मनिरपेक्षताको अवधारणाले पूर्वीय दर्शन र धर्मसम्बन्धी हाम्रो आफ्नै बुझाइलाई समेट्न नसकेको टिप्पणी पनि सुनिन्छ। कतिपय धर्मनिरपेक्षताको प्रश्नमा संविधान मौन रहनुपर्थ्यो भन्ने तर्क गर्छन् । विडम्बना के छ भने धर्मनिरपेक्षतालाई संविधानमा संस्थागत गर्न भूमिका खेलेका राजनीतिक दल र नेताहरू पनि यसको स्वामित्व लिन हिचकिचाइरहेका देखिन्छन् ।


कतिपय नेताहरूले खुलेरै सनातन हिन्दु धर्मलाई राष्ट्रिय धर्मको स्थान दिनुपर्ने वकालत गर्न थालेका छन् । संविधान कार्यान्वयनमा आएको एक दशक पार गरिसक्दा पनि धर्मको संवैधानिक व्यवस्थापनबारे साझा र स्पष्ट बुझाइ विकास हुन सकेको छैन । आ-आफ्नो ऐतिहासिक पृष्ठभूमि, धार्मिक आस्था, वैचारिक दृष्टिकोण वा राजनीतिक लाभ-हानिअनुसार धर्मबारे भाष्य निर्माण र प्रवर्द्धन गर्ने क्रम जारी छ । केही आधारभूत विषयमा विवाद छैन । नेपाल शताब्दीयौंदेखि बहुधार्मिक समाज रहिआएको छ। विभिन्न धर्म र आस्थाबीचको सहअस्तित्वलाई आत्मसात् गर्नुपर्छ। धार्मिक विविधताको व्यवस्थापन हुन सकेन भने समाज द्वन्द्वको चक्रमा फस्न सक्छ । धार्मिक तनाव हिंसामा बदलिएका बेलामा सद्भावका अपिल हुन्छन् । 'हिन्दु, बौद्ध, मुस्लिम, शिख, क्रिश्चियन सबै भाइभाइ, कोही छैन पराई' जस्ता नारा सुनिन्छन् । पछिल्लो पटक सुनसरी र सिरहाका घटनापछि पनि यस्तै दृश्य देखिए । तर हाम्रो दृष्टिकोण अझै तदर्थवादी छ। संकट आएपछि मात्र हामी संकटमोचनमा जुट्छौं । विडम्बना के छ भने धर्मनिरपेक्षतालाई संविधानमा संस्थागत गर्न भूमिका खेलेका राजनीतिक दल र नेताहरू पनि यसको स्वामित्व लिन हिचकिचाइरहेका देखिन्छन् ।

कतिपय नेताहरूले खुलेरै सनातन हिन्दु धर्मलाई राष्ट्रिय धर्मको स्थान दिनुपर्ने वकालत गर्न थालेका छन् ।धार्मिक तनाव हिंसामा बदलिनुअघि नै किन त्यसलाई सम्बोधन गर्न सक्दैनौं ? किन पूर्वहोसियारी अपनाउन सक्दैनौं ? धर्मका प्रश्नमा हाम्रो दीर्घकालीन सोच, स्पष्ट नीति र प्रभावकारी रणनीति किन हुन सकेको छैन ? यी प्रश्नले सार्थक बहस मागेका छन् । त्यस्तै, धार्मिक सद्भाव र सहिष्णुताको वातावरण निर्माणमा संविधान साधक हो कि बाधक ? हामीले अँगालेको धर्मसम्बन्धी संविधानवादको स्वरूप वास्तवमा के हो ? धर्मनिरपेक्षता एकाएक २०७२ को संविधानमा प्रवेश गरेको अवधारणा हो वा यसका आधारभूत अन्तरवस्तुहरू नेपालको संवैधानिक र सामाजिक अभ्यासले यसअघि नै विभिन्न रूपमा आत्मसात् गर्दै आएको थियो ? धर्मनिरपेक्षताको अर्थ केवल शब्दकोशबाट खोज्ने कि संविधानले धर्म, संस्कृति, समानता, गैरभेदभाव र धार्मिक स्वतन्त्रतासम्बन्धी गरेका प्रबन्धहरूको समष्टिगत अध्ययनबाट बुझ्ने ? धर्मसम्बन्धी सही संवैधानिक ज्ञान नागरिकसम्म पुऱ्याउने कि यसलाई नेतागण, सञ्चारमाध्यम र तथाकथित बौद्धिक वर्गबीचको सीमित बहसमा कैद राख्ने र सर्वसाधारणलाई गुमराहमै राखिरहने ? राजनीतिलाई संविधानको मान्यताअनुसार निरपेक्ष बनाउने कि धर्मलाई राजनीतिक हतियार बनाउन छुट दिने ? यी प्रश्नले आरोप-प्रत्यारोप होइन, गहिरो, तथ्यमा आधारित र रचनात्मक बहस खोजेका छन् । धर्मबारे विद्यमान भ्रमलाई पाल्ने होइन, तथ्यपरक बुझाइ विकास गरी भ्रम फाल्न आवश्यक छ । धर्मको संवैधानिक यात्रा- लिखित संविधान बनाएर त्यसअन्तर्गत शासन सञ्चालन गर्ने प्रयास थालेदेखि नै धर्म र राज्यको सम्बन्धलाई कुनै न कुनै रूपमा संवैधानिक नियमन गर्ने आवश्यकता महसुस गरिएको देखिन्छ । धर्मनिरपेक्षता, धार्मिक स्वतन्त्रता वा धर्मका आधारमा गैरभेदभावजस्ता अवधारणा नेपालको संविधानमा एकाएक प्रवेश गरेका होइनन् । तिनलाई क्रमशः आत्मसात् गरिएको देखिन्छ । नेपालको वैधानिक कानुन, २००४ ले धार्मिक स्वतन्त्रतालाई मौलिक हकसम्बन्धी व्यवस्थाको हिस्साका रूपमा स्थान दिएको थियो । तर त्यो संविधान कार्यान्वयनमा आउनुअघि नै २००७ को राजनीतिक परिवर्तन भयो । अन्तरिम शासन विधान, २००७ ले धर्मको प्रश्नलाई 'समान नागरिकता' को विषयसँग जोड्यो । नेपालको संविधान, २०१५ ले यसलाई थप स्पष्ट पाऱ्यो । धारा ४ ले सामान्य कानुनको प्रयोग तथा सरकारी सेवामा धर्मका आधारमा भेदभाव गर्न नहुने व्यवस्था गऱ्यो । नेपालको संविधान, २०१९ ले धारा ३ मार्फत नेपाललाई पहिलो पटक हिन्दु अधिराज्यका रूपमा परिभाषित गऱ्यो । हिन्दु राज्यको घोषणा जनमत वा लोकतान्त्रिक सम्मतिका आधारमा भएको थिएन । यो राजाको संवैधानिक हैसियतसँग जोडिएको व्यवस्था थियो । बहुसंख्यक हिन्दु जनसंख्याबाट पञ्चायती व्यवस्थाको वैधता खोज्ने राजनीतिक रणनीतिका रूपमा पनि यसलाई बुझ्न सकिन्छ ।

बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि जारी नेपाल अधिराज्यको संविधान, २०४७ ले धर्मसम्बन्धी संविधानवादलाई थप विस्तार गऱ्यो । धारा ४ ले नेपाललाई हिन्दु संवैधानिक राजतन्त्रात्मक अधिराज्यका रूपमा कायम राख्यो । धार्मिक सम्प्रदायलाई आफ्ना धार्मिकस्थल र धार्मिक गुठी सञ्चालन तथा संरक्षण गर्ने हक पनि पहिलो पटक प्रत्याभूत गरियो । दसवर्षे सशस्त्र संघर्ष र २०६२/६३ को जनआन्दोलनले धर्मसम्बन्धी संविधानवादमा निर्णायक मोड ल्यायो । विस्तृत शान्ति सम्झौताअनुरूप जारी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३ ले नेपाललाई बहुधार्मिक विशेषतायुक्त राष्ट्रका रूपमा मान्यता दियो । सँगसँगै धारा ४ ले पहिलो पटक नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गऱ्यो । धर्मनिरपेक्ष राष्ट्रको घोषणा अघिल्लो संवैधानिक विकासक्रमसँग पूर्ण सम्बन्धविच्छेद भने थिएन । बरु यसले त्यसअघि विकसित धार्मिक स्वतन्त्रता, समानता र सहअस्तित्वका सिद्धान्तलाई नयाँ राज्य संरचनाभित्र पुनर्संयोजन गरेको देखिन्छ । साथै, २०४७ पछि नेपालले अनुमोदन गरेका समानता र गैरभेदभावमा प्रमुख मानवअधिकार सन्धि- सम्झौताहरूसँग धर्मनिरपेक्षताको मान्यता पनि संगतिपूर्ण देखिन्छ । यसरी २००४ देखि २०६३ सम्मको संवैधानिक यात्रा हेर्दा एउटा क्रमिक विकासक्रम देखिन्छ । नेपालको धर्मसम्बन्धी संवैधानिक यात्रालाई 'हिन्दु राज्यबाट धर्मनिरपेक्ष राज्यमा भएको अचानक परिवर्तन' का रूपमा मात्र बुझ्नु अपूर्ण हुन्छ । २०६३ मा आएको मुख्य परिवर्तन राज्यको औपचारिक धार्मिक पहिचानमा थियो । धार्मिक स्वतन्त्रता, गैरभेदभाव, धर्म परिवर्तनसम्बन्धी सीमा, धार्मिक समुदायको संस्थागत संरक्षण र धार्मिक सम्प्रदायबीचको सुमधुर सम्बन्धका मूल्य-मान्यता यसअघिका विभिन्न चरणमा क्रमशः विकसित भइसकेका थिए । वर्तमान संविधानमा धर्म- नेपालको संविधानमा धर्मसम्बन्धी प्रबन्ध बहुआयामिक छ । धर्मनिरपेक्षता, धार्मिक स्वतन्त्रता, समानता, गैरभेदभाव, अभिव्यक्ति स्वतन्त्रता, सांस्कृतिक संरक्षण, समावेशिता, धार्मिक सम्प्रदायबीचको सुसम्बन्ध, धर्मसापेक्ष राजनीतिक दलमाथिको बन्देज र धार्मिक अल्पसंख्यकको संरक्षणसम्बन्धी प्रावधानहरूको समष्टिलाई नै धर्मसम्बन्धी संवैधानिक व्यवस्थाका रूपमा बुझ्नुपर्छ ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**धनौजी गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**शहिदनगर नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday